लोकतन्त्र र संघीयताप्रति समर्पित

Madhesh Post Daily

# मधेश पोष्ट

सर्लाही र धनुषाबाट एकैसाथ प्रकाशित पहिलो राष्ट्रिय दैनिक

बर्ष ११ अंक १९८ २०७७ साल ०४ फाल्गुन मंगलवार (16 Feb 2021) पृष्ठ संख्या : ४ मुल्य रू. ५।-

**गाडी भाडामा चाहियो भने सम्पर्क गरौ**

तपाईलाई न्यू स्कार्पियोबाट सुरक्षित र अरामदायी यात्रा गर्नुछ भने सम्पर्क गरौं, सम्पर्क मोबाईल नम्बर ९८१७८३०६६६

## समानान्तर सरकार सञ्चालन गर्ने प्रयास भएपछि प्रतिनिधिसभा विघटन- प्रधानमन्त्री

मधेश समाचारदाता

काठमाडौं, ३ फागुन । प्रधानमन्त्री केपी शर्मा ओलीले समानान्तर सरकार सञ्चालन गर्ने प्रयास पार्टी भित्रैका नेताबाट सुरु भएपछि प्रतिनिधिसभा विघटन गरेको बताउनुभएको छ।

भूकम्पले क्षतिग्रस्त भइ पुनर्निर्माण भएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय भवनको सोमबार उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले सत्तारुढ दलकै नेताले नै अवरोध गरेपछि देश र जनताको हितलाई प्राथमिकतामा राखेर प्रतिनिधिसभा विघटन गर्नुपरेको बताउनुभयो।




प्रधानमन्त्री ओलीले आफ्नो ३ वर्षे सरकार सञ्चालनका समयमा सरकारले गरेका कामहरूको प्रगति विवरण पेश गर्दै विकास निर्माण र मानवविकास सुचकांकका आधारमा निराश हुनुपर्ने अवस्था नभएको बताउनुभयो। उहाँले अझै पनि मुलुक बन्छ र बनाउन सक्छु भन्ने दृढता आफूसँग भएको जिकिर गर्नुभयो।

प्रधानमन्त्री ओलीले आफ्नै पार्टी भित्रबाट जनताका अगाडि कबुल गरेको जिम्मेवारी पुरा गर्न नदिने स्थिति पैदा भएपछि ताजा जनादेशमा जाने निर्णयमा पुगेको दोहोऱ्याउनुभयो। सुरुबाट नै सरकार सञ्चालनमा आफ्नै पार्टी भित्रबाट असहयोग हुदै आएको भन्दै उहाँले आफ्नै खुट्टा अल्झिएर लड्ने अवस्था आएपछि देश र जनताको हितलाई प्राथमिकतामा राखेर प्रतिनिधिसभा विघटन गरिएको स्पष्ट पार्नुभयो। उहाँले पार्टी भित्रैका केही नेताहरुले समानान्तर सरकार खडा गर्ने काम गरेको दाबी पनि गर्नुभयो।

उहाँले भन्नुभयो, 'आफ्नै खुट्टामा अल्झिए झैं सरकारले काम गर्नै नपाउने अवस्था सिर्जना भयो। झण्डै ३ वर्ष देखि संवैधानिक आयोगहरू पदाधिकारीहरू रिक्त भए, सरकारले संसदमा पेश भएका प्रस्ताव समेत निर्णयार्थ प्रस्तुत गरिएन, राजदुत नियुक्ति गर्न दिइएन, संवैधानिक अंगमा सिफारिस भएकालाई आफ्नै दलका सांसदहरूले संसदीय सुनुवाइमा अड्काउँछन्, विकास सम्बन्धी विधेयक र सार्वजनिक खरिद ऐनलाई संसोधन गर्ने विधेकयकलाई पनि अवरोध गरियो, सरकारी निकायका कार्यकारी पदमा अनुपयुक्त पात्र खडा गर्ने, झण्डै समानान्तर सरकार खडा गर्ने काम भयो।'

सत्ता सञ्चालन गरेकै दलका केही नेताहरूमा अतिरिक्त महत्वकांक्षा र कुण्ठाको बाछिटा व्यवस्थापिकामा नपरोस् भनेर आफू हरदम सचेत रहेको, अनेकौं लाञ्छाना सहेरै भए पनि अप्ठ्यारो परिस्थितिलाई अन्यत्र मोड्ने प्रयास गरेको भए पनि आफू सफल हुन नसकेको उहाँको स्वीकारोक्ती छ।

सरकारलाई जसरी हुन्छ अलमलाउने, निहुँ खोजेर कामै गर्न नदिने अवस्थामा आफ्नै दलका साथीहरू उत्रिएको दुःख पूर्ण स्थितिमा सरकार रहेको उहाँले उल्लेख गर्नुभयो। प्रतिनिधिसभा विघटन गर्नुपूर्वसम्म पृथक बाटोबाट सरकारमाथि हमला गर्ने र सकभर विस्थापित नै गर्ने बाटोमा हिडेकालाई

*बाँकी २ पेजमा*

## आज श्रीपञ्चमी, सरस्वती माताको पूजा गरेर मनाइँदै



मधेश समाचारदाता

सर्लाही, ४ फागुन । आज श्री पञ्चमी पर्व । विद्याकी अधिष्ठात्री देवी सरस्वतीको पूजा-आराधना गरी मनाइँदै छ।

वसन्त पञ्चमीको दिन सरस्वतीको पूजा गरे ज्ञान र विद्या बढ्ने विश्वास छ। आज सरस्वती मन्दिरमा पूजाआराधना गर्न श्रद्धालुको भीड लाग्ने गरेको छ। विद्या र सिर्जनाकी देवी भएकाले विशेष गरी साहित्यकार, कलाकार, पत्रकार, शिक्षक र विद्यार्थी आ-आफ्ना कला(साधनाका वस्तु कलम, कापी, कूची र वाद्ययन्त्र आदिलाई सरस्वतीका रूपमा पूजा-आराधना गर्छन्। सरस्वतीलाई तान्त्रिकहरूले तन्त्र सिद्धिका लागि तारादेवीका रूपमा मान्छन्।

सूर्य उत्तरतिर लागि दिन लामो हुने र वसन्त ऋतु सुरु हुने विश्वासका साथ आजको दिनलाई 'वसन्त पञ्चमी' पनि भनिन्छ। आजका दिन सरस्वतीको पूजा गरी विद्यारम्भ गरेमा सर्वसिद्धि प्राप्त हुन्छ भन्ने विश्वास छ।

यस वर्ष भने शुक्र अस्त भएकाले विवाह, व्रतबन्ध जस्ता कर्म यस पर्वमा गरिँदैन। यस दिन बालबालिकालाई शिक्षारम्भ गराउने र नाक(कान छेड्न पनि शुभ मानिन्छ। सर्लाही जिल्ला लगायत अन्य जिल्लामा पनि विद्यालयमा बनाईएको सरस्वतीको प्रतिमा तथा सरस्वतीका मन्दिरमा आज बिहानैदेखि पूजाआजा गर्न भक्तजन, खासगरी छात्रछात्राको घुइँचो लागेको छ।

**करदाता सेवा कार्यालय मलंगवाको सूचना**

आर्थिक ऐन, २०७७ ले स्थायी लेखा नम्बर PAN लिई आय विवरण पेश नगर्ने  करदाताहरुलाई आर्थिक वर्ष २०७३/७४, २०७४/७५ र २०७५/७६ को आय विवरण,सो आय विवरण अनुसारको आयकर र सोमा लाग्ने ब्याजको पच्चीस प्रतिशतले हुने रकम संवत् २०७७ साल फागुन मसान्तसम्म बुझाएमा सोभन्दा अघिका वर्षहरुको आय विवरण पेश गर्नु नपर्ने व्यवस्था गरेको हुँदा छुट तथा सुविधाको अधिकतम उपयोग गर्न हुन यो सूचना जारी गरिएको छ। आय विवरण पेश नगर्ने त्यस्ता करदाताहरुको विवरण सम्बन्धित नगरपालिका, गाउँपालिका, उद्योग वाणिज्य संघ र यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**थप जानकारीको लागि :**

**करदाता सेवा कार्यालय मलंगवा, सर्लाही**

फोन नं ०४६-५२०४५३

## कुनै पनि हालतमा चुनाव हुँदैन: अध्यक्ष दाहाल

मधेश समाचारदाता

चितवन, ३ फागुन। पूर्वप्रधानमन्त्री एवं दाहाल-नेपाल समूहको नेकपाका अध्य्यक्ष अध्यक्ष पुष्पकमल दाहालले मध्यावधि चुनाव कुनैपनि हालतमा नहुने ठोकुवा गर्नुभएको छ।

चितवनको भरतपुर विमानस्थलमा पत्रकारहरुसँग कुराकानी गर्दै अध्यक्ष दाहालले अहिलेको अवस्थामा चुनाव गराउनु प्रतिगमन भएको उल्लेख गर्दै राम्रो दिमाख हुनेजति सबै प्रधानमन्त्री केपी शर्मा ओलीको कदमको विरुद्धमा रहेको जिकिर गर्नुभयो।




चुनाव हुन्छ भन्दै ओलीले जनतालाई झुक्याउँदै पञ्चर्याली गरेको दाहालको आरोप छ। 'पन्चर्याली गर्ने जमिन बाँड्छु भन्ने पहिलेका राजा महाराजाले जस्तै सभा गदै ओलीले प्रतिगमन गरे,' उहाँले भन्नुभयो, 'प्रतिनिधिसभा विघटन गरेकै दिनदेखि ओलीको हार भएको छ।'

नेपाली जनताले लामो समयको संघर्ष बलिदान बाट प्राप्त उपलब्धि धराप परेको बताउँदै अध्यक्ष दाहालले आम नेपाली जनता र राम्रो दिमाख भएका मानिस उहाँको कदमको विरुद्धमा रहेको दावी गर्नुभयो। राष्ट्र, जनता र लोकतन्त्रको हितमा सबै मिलेर ओलीको कदमलाई परास्त गर्नुपर्नेमा उहाँको जोड छ।

अध्यक्ष दाहाल कम्युनिष्ट नेता नरबहादुर केसीको निधनमा अन्तिम श्रद्धान्जली दिन चितवन पुग्नुभएको थियो।

**बागमती सेवा समाज नेपालको अनुरोध**

**कोरोना भाइरस (Covid 19) को महामारी लगायत विपद्को समयमा बालबालिका माथि दुर्व्यवहार, हिंसा, उपेक्षा, यौन शोषण जस्ता जोखिम हुने भएकोले अभिभावकले विशेष ध्यान दिनुपर्छ। जोखिममा परेका बालबालिकाको सहयोगको लागि खोजतलास समन्वय केन्द्रको पैसा नलाग्ने फोन नं. १०४, बाल हेल्पलाइनको पैसा नलाग्ने फोन नं. १०९८ वा नेपाल प्रहरीको फोन नं. १०० मा सम्पर्क गर्न सक्नु हुनेछ। यदि कोरोनाको कुनै पनि लक्षण देखा परेमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निःशुल्क हटलाइन नं. १११३ र १११५ मा सम्पर्क गर्न सक्नु हुनेछ।**

**कोरोनाको जोखिम कायमै रहेकाले साबुन पानीले मिचीमिची हात धुने गरौं। भिडभाडमा नजाऔं र सामाजिक दुरी कायम गरौं।**

**जनहितका लागि वर्ल्डभिजन इन्टरनेशनल नेपालसागको साझेदारीमा बागमती सेवा समाज नेपालद्वारा जारी सन्देश**

World Vision नेपाली जुटौं

# सरकारी सुविधाको गाडी फिर्ता ल्याउन संसद सचिवालयले बनायो सूची

काठमाडौं, ३ फागुन । संघीय संसद सचिवालयले प्रतिनिधिसभा विघटन भएपछि सवारी सुविधा फिर्ता लिन संसदका पदाधिकारीहरुको सूची तयार पारेको छ ।




उक्त सूचीमा प्रमुख प्रतिपक्षी दलका नेता शेरबहादुर देउवादेखि प्रधानमन्त्री केपी शर्मा निकट नेकपा सचेतक शान्ता चौधरीसमेतको नाम सामेल छ । सांसदहरुलाई दिएका १८ सुविधाको गाडीमध्ये एउटामात्र फिर्ता भएको र बाँकी १७ वटा प्राप्तिका लागि सचिवालले सूची तयार पारेको हो । सचिवालयको सबैभन्दा महँगो गाडी लिनेमा देउवा र नेकपा सचेतक चौधरी छन् । देउवाले २ करोड मूल्य बराबरको गाडी सुविधा लिएका छन् भने चौधरीले एक करोड मूल्य पर्ने गाडी लिएकी छन् । प्रतिनिधिसभा विघटन भए पनि चौधरीले नेकपा संसदीय दलको सचेतकको हैसियतमा लिएको सुविधाको गाडी फिर्ता नगरेको संसद सचिवालयले बतायो । हालसम्म संसदीय समिति अन्तर्गतको महिला समितिकी सभापति एवं प्रधानमन्त्री ओली निकट नेतृ निरु पालले मात्र गाडी फिर्ता गरेकी छन् । पालले संसद विघटन भएको ५ दिनपछि गत पुस १० गते सभापतिको हैसियतमा चढ्दै आएको प्रदेश ३ ०१००२ भ ४८७४ नम्बरको गाडी फिर्ता गरेकी हुन् । प्रतिनिधिसभा विघटन भएपछि विपक्षी दलका नेता, प्रमुख सचेतक, सचेतकका साथै विभिन्न संसदीय समितिका सभापतिले गाडी फिर्ता गर्नुपर्ने भन्दै संसद सचिवालयले ती गाडी फिर्ता ल्याउन सूची तयार पारेको हो । प्रमुख प्रतिपक्षी दलका नेता शेरबहादुर देउवा, सत्ता पक्षका प्रमुख सचेतक देव गुरुङ, सचेतक शान्ता चौधरी, विपक्षी दलका प्रमुख सचेतक बालकृष्ण खाँण, सचेतक पुष्पा भुसाल, जनता समाजवादी दलका प्रमुख सचेतक उमाशंकर अरगरियाले संसद सचिवालयबाट सुविधाको गाडी प्रयोग गरिरहेका छन् । यसबाहेक विभिन्न विषयगत समितिका सभापतिहरुले पनि सवारी साधान फिर्ता गर्नुपर्ने संघीय संसद सचिवालयको भनाइ छ । प्रतिनिधिसभा अन्तर्गत रहेको अर्थ समितिका सभापति कृष्णप्रसाद दाहाल, अन्तर्राष्ट्रिय समितिका सभापति पवित्रा निरौला खरेल, उद्योग समितिका सभापति विमल श्रीवास्तव, कृषि तथा सहकारी समितिका सभापति पूर्णाकुमारी सुवेदी, राज्य व्यवस्था तथा सुशासन समितिका सभापति शशी श्रेष्ठ, विकास तथा प्रविधि समितिका सभापति कल्याणी खड्का, शिक्षा तथा स्वास्थ्य समितिका सभापति जयपुरी घर्ती, सार्वजनिक लेखा समितिका सभापति भरत कुमार शाह, संसदीय सुनुवाई समितिका सभापति लक्ष्मणलाल कर्ण, राज्यका निर्देशक सिद्धान्त समितिका निरा जैरुले गाडी बुझाउनुपर्ने लिष्ट तयार रहेको संघीय संसद सचिवालयको भनाइ छ । संसद सचिवालयले हालसम्म गाडी फिर्ताका लागि पत्राचार भने नगरेको र अरु सुविधा कटौती भएका बेला आफै बुझेर गाडी फिर्ता गर्नुपर्ने प्रवक्ता डा. रोजनाथ पाण्डेले बताए । पदावधि सकिएको एक साताभित्र गाडी फिर्ता गर्ने प्रचलन रहे पनि सामान्यतया ३५ दिनभित्र सरकारी सम्पत्ति बुझबुझारथ गर्ने प्रचलन अनुसार गाडी फिर्ता गर्नुपर्ने सचिवालयले जनायो ।

## दूरसञ्चार प्राधिकरणद्वारा फाइभजी फ्रिक्वेनसी निर्धारण

काठमाडौं, ३ फागुन । नेपाल दूरसञ्चार प्राधिकरणले नेपालमा फाइभजीको फ्रिक्वेनसी निर्धारण गरेको छ ।

प्राधिकरणअन्तर्गत रहेको राष्ट्रिय फ्रिक्वेन्सी व्यवस्थापन फोरमले पहिचान गरेको फ्रिक्वेन्सी बोर्डले स्वीकृत गरेसँगै फाइभजी सेवा विस्तारको बाटो खुलेको हो । प्राधिकरणले निर्धारण गरेको फाइभजीको फ्रिक्वेन्सी स्वीकृतिका लागि राष्ट्रिय रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिमा प्रस्ताव पेश गरिएको प्रवक्ता मीनप्रसाद अर्यालले जानकारी दिए । उनका अनुसार फोरमले गरेको सिफारिसका आधारमा सात सय, नौ सय, दुई हजार तीन सय र दुई हजार छ सय मेगाहर्ज ब्याण्डलाई तल्लो ब्याण्डअन्तर्गत, तीन हजार तीन सय, तीन हजार चार सय, तीन हजार छ सय र चार हजार सय मेगाहर्जलाई मध्यम तथा २६ गिगाहर्ज ब्यान्डलाई उच्च ब्याण्डको सूचीमा राखेर प्राधिकरणले उक्त समितिमा सिफारिस गरेको हो । सञ्चार तथा सूचना प्रविधिमन्त्री संयोजक रहने राष्ट्रिय रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिको निर्णयपछि मात्रै फ्रिक्वेन्सी सेवा प्रदायकले पाउने वा नपाउने निर्धारण हुनेछ । यसअघि प्राधिकरणले नेपालमा फाइभजी विस्तारका लागि प्राधिकरणका सञ्चालक सदस्य मणि चौलागाईंको संयोजकत्वमा राष्ट्रिय फ्रिक्वेन्सी व्यवस्थापन फोरमलाई अध्ययनको जिम्मा दिएको थियो । चोलागाईंको संयोजकत्वको उक्त फोरममा प्राधिकरणका वरिष्ठ निर्देशक आनन्दराज खनाल, फ्रिक्वेन्सी महाशाखाका निर्देशक अम्बर स्थापित, उपनिर्देशक प्रदीप पौडेल तथा नेपालमा दूरसञ्चार उपकरण बिक्री गरिरहेका चिनियाँ कम्पनी हुवावे र जेडटीईका प्रतिनिधि सदस्य रहेका थिए । उक्त फोरमले गत मंसिरमा नेपालमा फाइभजी सेवा सञ्चालन गर्न सकिने आशयको फ्रिक्वेन्सी पहिचान प्रतिवेदन प्राधिकरणमा पेश गरेको थियो । उक्त फोरमले पेश गरेको प्रस्तावका आधारमा प्राधिकरण सञ्चालक समितिले स्वीकृत गरेर राष्ट्रिय रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिमा प्रस्ताव पेश गरिएको प्राधिकरणले जनाएको छ ।

## समानान्तर सरकार ...

सम्फाउने र सही बाटोमा ल्याउन आफूले लगातार प्रयास गरिरहेको पनि उहाँले उल्लेख गर्नुभयो ।

संसदीय दलमा आफ्ना विरुद्ध कुनै उजुरी नपरेको, नेता बदल्नुपर्छ भन्ने आवाज पनि नआएको भन्दै उहाँले नेकपा भन्दा बाहिरबाट मात्रै ५१ प्रतिशत नपुग्ने भएकाले वैकल्पिक सरकारको कतै सम्भावना नदेखेपछि आफूले प्रतिनिधिसभा विघटन गरेको दाबी गर्नुभयो । बेठिक, अस्वस्थ्य ढंगले अघि बढ्ने कुरा विग्रहको बाटो रोज्नुमात्रै भएकाले आफूले त्यस किसिमको निर्णय गरेको पनि उको प्रष्टोक्ती थियो ।

देश अस्थिरतातर्फ जाने र सरकार परिवर्तन गर्ने अनियन्त्रित प्रक्रिया सुरु हुने सम्भावना रहेकाले त्यसबाट देशलाई जोगाउनु आफ्नो कर्तव्य भएको उहाँले स्पष्ट पार्नुभयो ।

मुलुक राजनीतिक अस्थिरताको खेल मैदान बन्न दिनुहुँदैन भनेर राष्ट्रप्रति जिम्मेवार हुँदै फेरि जनता माझ जाने निर्णयमा पुगेको पनि उहाँले स्पष्ट पार्नुभयो ।


**चक्रघट्टा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चक्रघट्टा, सर्लाही**

### सर्पको टोकाईबाट कसरी बच्ने

१) सर्पको टोकाईबाट बच्नकोलागि घरवरीपरी सफा राख्ने,
२) पानी जम्ने खाल्डाखुल्टी पुर्ने,
३) मुसाका प्वालहरु छन् भने टाल्ने,
४) प्रत्येक एक हप्तमा किटनाशक औषधी घरवरीपरी छर्ने,
५) राती हिड्नु परेमा टर्च लाइटको प्रयोग गर्ने,
६) सुत्दा झुल हालेर सुत्ने जस्ता सावधानी अपनाएमा सर्पको टोकाइबाट बच्न सकिन्छ ।
७) सर्पले टोकिहालेमा छिटो भन्दा छिटो नजिकैको सर्पदंश उपचार केन्द्रमा जाने ।

**सर्पले टोक्दा देखिने लक्षण तथा चिह्न**

क) सर्पले टोक्दा दुई दाँतको चिन्ह रहने,
ख) चक्कर लाग्ने तथा बान्ता आउने,
ग) पेट दुख्ने, सम्पूर्ण शरीर दुख्ने, बिरामी निदाउन खोज्ने,
घ) रक्तचाप कम हुने, श्वास फेर्न गाह्रो हुने लगायतको लक्षण देखिन्छ ।

**चक्रघट्टा गाउँपालिका, सर्लाही**



**ईश्वरपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**ईश्वरपुर, सर्लाही**
**प्रदेश नं. २, नेपाल**

### शिलवन्दी दरभाउ पत्र आव्हानको सुचना

(प्रथम पटक प्रकाशित मिति : २०७७।११।०४)

यस कार्यालयलाई आवश्यक पर्ने तपशिलका खरिद कार्यहरु शिलवन्दी दरभाउपत्रबाट गर्नु पर्ने भएकोले नेपाल सरकारबाट सम्बन्धित कार्यको लागी इजाजत प्राप्त,मुल्य अभिवृद्धि करमा दर्ता भएका , इच्छुक फर्म , कम्पनी वा सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रही शिलवन्दी वोलपत्र आव्हान गरिएको छ ।

१. यो सुचना प्रकाशित भएको मितीले १५ दिन भित्र माथीको कार्यको लागी इजाजत प्राप्त भइ नवीकरण भएको इच्छुक फर्म,कम्पनी सप्लायर्स वा निजको प्रतिनिधीले निवेदन साथ आयकर दर्ता प्रमाण पत्र आ व ०७६।०७७ सम्मको कर चुक्ता प्रमाण पत्र र मुल्य अभिवृद्धिकर प्रमाण पत्रको प्रतिलिपी साथै राखी कामको विवरण अनुसारको छुट्टा छुट्टै शिलवन्दी दरभाउपत्र दस्तुर पछि फिर्ता नहुने गरी यस नगर पालिकाको नाममा नेपाल बैक लिमिटेड ईश्वरपुरमा रहेको खाता नं. १०९०३००००१००१००००१ मा दाखिला गरी स्पेसिफिकेसन सहितको दरभाउपत्र फारम आर्थिक प्रशासन शाखा बाट प्राप्त गर्न सकिन्छ ।
२. खरिद भएको दरभाउपत्रको हकमा प्रथम पटक सुचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराइ सक्नु पर्नेछ र सोही दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा दर्ता हुन आएका दरभाउ पत्रहरु खोलिने छ ।
३. दरभाउपत्र खरिद गर्ने , दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।
४. जमानत वापतको रकम नगद जम्मा गर्दा यस कार्यालयको नाममा रहेको नेपाल बैक लिमिटेड ईश्वरपुरमा रहेको खाता नं. १०९०३००००३०००००००१ मा जम्मा गर्नु पर्नेछ ।
५. दरभाउपत्र स्वीकृत भएमा दरभाउपत्र दाताले कवोल अंकको पाँच प्रतिशतले हुन आउने धरौटी वापतको रकम को वैक भौचर वा यस कार्यालयको नाउँमा जारी गरीएको कम्तिमा छ महिना म्याद भएको परफरमेन्स वोण्ड कार्य सम्पादन जमानत पेश गर्नु पर्ने छ ।
६. दरभाउपत्रमा आइटम वाइज अंक र अक्षरमा दररेट र जम्मा रकम स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाइ मान्यता दिइनेछ ।
७. म्याद नाघि आएको रित नपुगेको वा शर्त राखिएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।
८. दरभाउपत्र दाताले आफ्नो दरभाउपत्रसाथ दरभाउपत्र सम्बन्धि कारवाहीमा निजीस्वार्थ नवाफिएको र सो सम्बन्धी कसुरमा कारवाही नरहेको स्वघोषणा अनिवार्यरुपमा पेश गर्नु पर्नेछ ।
९. दरभाउपत्र फारममा उल्लेख भएको सामानको परिमाणमा कार्यालयले आवश्यकता अनुसार थपघट गरी कार्यादेश दिन सक्नेछ ।
१० दरभाउपत्रवालाबाट पेश भएको दरभाउपत्रमा उल्लेखित आइटमहरु मध्ये पुर्ण वा आंशिक रुपमा कारण जनाइ वा नजनाइ स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
११. यस सुचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन वमोजिम हुनेछ ।

कामको विवरण

| दरभाउपत्र नं. | कामको विवरण | लागत अनुमान | वोलपत्र दस्तुर | जमानत वापतको रकम |
|---|---|---|---|---|
| Goods 01-2077/78 | कम्प्युटर,प्रिन्टर,स्क्यानर र डंगोल खरिद | १९,९८,४०५/- | १०००/- | ५०,०००/- |

प्रमुख प्रशासकिय अधिकृत

# प्रदेश २ सरकारको ३ वर्षे उपलब्धि : संघीय सरकारविरुद्ध ६ वटा मुद्दा दायर



धनुषा, ३ फागुन । प्रदेश २ सरकारले तीन वर्षको आफ्नो उपलब्धि सार्वजनिक गरेको छ । तीन वर्ष पुगेको अवसरमा सोमबार पत्रकार सम्मेलन गरी प्रदेश सरकारले उपलब्धि सार्वजनिक गरेको हो ।

संघीय सरकारविरुद्ध मुद्दा दायर गर्नुलाई पनि प्रदेश सरकारले आफ्नो उपलब्धि मानेको छ । संविधानले प्रदान गरेको प्रदेशको अधिकारलाई संस्थागत गर्दै प्रदेशको समग्र विकासका लागि सागरनाथ वन, सिँचाइ, प्रहरी समायोजन, कर्मचारी समायोजन लगायतका छ वटा विषयमा संघीय सरकारको विरुद्धमा प्रदेश सरकारले मुद्दा दायर गरेको छ । यसले आगामी दिनमा अधिकार क्षेत्र तथा जिम्मेबारी बाँडफाँडमा स्पष्टता कायम गर्ने मुख्यमन्त्री लालबाबु राउतले बताए । प्रदेश सरकारले बेटी पढाउ, बेटी बचाउ अभियानलाई ठूलो उपलब्धि मानेको छ । यो अभियान अन्तर्गत हालसम्म ६ हजार ९ सय ६ जना छोरीलाई बीस वर्षपछि रु. तीन लाख पाउने गरी छोरी बिमा/मुद्धती खाता खोली प्रदेश सरकारबाट रकम जम्मा गरिएको र २६ हजार ९ सय ५६ जना छोरीको तथ्याङ्क संकलन गरिएको प्रदेश सरकारले जनाएको छ । छोरीलाई विद्यालयमा पहुँच पुर्याउन र प्रोत्साहित गर्ने उद्देश्यले २ सय ४१ ओटा सामुदायिक विद्यालयमा १४ हजार साइकल वितरण गरिएको र थप २० हजार साइकल वितरण गर्ने कार्य अन्तिम चरणमा पुगेको सरकारले जनाएको छ । 'मुख्यमन्त्री स्वच्छता अभियान' अन्तर्गत धार्मिक पर्यटनलाई बढावा दिन जानकी मन्दिर, रौजा मजार, छिन्नमस्ता भगवती, सहलेश स्थान, पारशनाथ, भिसवा बौद्ध गुम्बाहरुको संरक्षण तथा सौन्दर्यीकरणको कार्य अगाडि बढाउनुलाई सरकारले उपलब्धि भनेको छ । यस अभियान अन्तर्गत २७ वटा पोखरी एवम् सार्वजनिकर पर्यटकीय र धार्मिक स्थलहरुको संरक्षण तथा सौन्दर्यीकरणको कार्य सुरु भएको उसले जनाएको छ ।

मधेश आन्दोलनका २७ जना शहीद परिवारलाई रोजगार उपलब्ध गराइएको, आन्दोलनका क्रममा घाइते व्यक्ति तथा पीडित परिवारलाई राहत उपलब्ध गराउनुलाई पनि उपलब्धि भनेको छ । हाल सम्म ३९ वटा विधेयक प्रमाणित भई कार्यान्वयनमा आएको र २२ वटा विधेयक प्रदेश सभाको विधायन समितिमा विचाराधीन अवस्थामा रहनुले प्रदेश सरकारलाई कार्य सञ्चालन गर्न मार्ग प्रशस्त हुनुका साथै संविधान प्रदत्त अधिकारको प्रयोग तथा परिपालनामा सघाउ पुगेको प्रदेश सरकारको भनाइ छ । तीन वर्षको अवधीमा प्रदेश सरकारले सबै प्रदेश सभा (६४ वटा) निर्वाचन क्षेत्रमा कम्तीमा ५ किलोमिटर सडक निर्माण गरी कुल ३२० किलोमिटर पक्की सडक निर्माण गर्ने कार्यक्रम थालनी गरेको जनाएको छ । यस अवधिमा विभिन्न स्थानमा ५०.९५ किलोमिटर कालोपत्रे सडक निर्माण, ७४.९० किलोमिटर पक्की सडक ढलान, १ सय ७०.१७ किलोमिटर ग्राभेल सडक निर्माण, ५ सय ५४ किलोमिटर नाला निर्माण, १४ वटा कल्भर्ट निर्माण, ५९.८१ किलोमिटर नयाँ कच्ची सडक निर्माण गरेको जनाएको छ । प्रदेशमा आइपर्ने बाढी, डुबान, शीतलहर, आगलागीजस्ता विपद् प्रभावित परिवारलाई ८ हजार थान कम्बल, १ हजार थान त्रिपाल र रु.११ लाख ४० हजार राहत स्वरूप नगद उपलब्ध गराउनुलाई उपलब्धिको सूचीमा राखेको छ । यस्तै, सुरक्षा निकायहरुको भौतिक पूर्वाधार निर्माणमा प्रदेश सरकारले उपलब्ध गराएको ३९ करोड रकमबाट ८ वटा प्रहरी चौकीहरु निर्माणाधीन अवस्थामा रहेको प्रदेश सरकारले जनाएको छ । उपलब्धि सार्वजनिक गर्न प्रदेश सरकारले आयोजना गरेको पत्रकार सम्मेलनमा मुख्यमन्त्री राउतले प्रत्येक वर्ष आइपर्ने विभिन्न विपद, संक्रामक रोगको प्रकोप, सेवा प्रवाहमा जनशक्तिको अपर्याप्तता, संघीय कानून समयमै नबन्दा प्रदेश कानून निर्माण र कार्यान्वयनमा जटिलता, जस्ता कारणले प्राप्त उपलब्धिलाई संस्थागत गर्न कठिन परिस्थितिको सामना गर्नुपरिरहेको बताए ।

# निर्वाचन आयोगको कामप्रति देउवाको आशंका : ओलीसँग साँठगाँठ हुनसक्छ



बुटवल, ३ फागुन । नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले निर्वाचन आयोगले चुनावी कार्यतालिका नल्याएको भन्दै आशंका व्यक्त गरेका छन् ।

रुपन्देही जिल्ला सदरमुकाम भैरहवामा काँग्रेसका विरोधसभालाई सम्बोधन गर्दै उनले आयोगको काम कार्वाहीप्रति आशंका व्यक्त गरेका हुन् । निर्वाचन आयोगलाई काम गर्न अदालतको निर्णय कुर्नु नपर्ने बताउँदै उनले प्रधानमन्त्री केपी शर्मा ओलीसँगको साँठगाँठमा कार्यतालिका ल्याउन ढिलाई गरिएको हुनसक्ने आशंका व्यक्त गरे । संसद विघटन गरेको ६ महिनाभित्र निर्वाचन गराइसक्नुपर्ने बताउँदै देउवाले निर्वाचन आयोग नै अदालतको निर्णय कुरेर बसेको भन्दै आलोचना गरे । उनले भने, 'निर्वाचन आयोगले किन अहिलेसम्म निर्वाचन कार्यक्रम बाहिर निकाल्दैन चुनाव नगराउने हो भने भन्नुपर्यो चुनाव गराउँदिन भनेर । चुनाव गराउने हो भने निर्वाचनको प्रक्रिया सुरू गरेकै छैन । कुनै पनि संसदको विघटन भएको छ, महिनाभित्र चुनाव गरिसक्नुपर्छ ।' उनले जेठभित्र आयोगले चुनाव गराउनुपर्नेमा जोड दिए । 'जेठ अन्तिमसम्म ओलीले चुनाव गराउनुपर्छ ।

निर्वाचन आयोगको पनि त्यही काम हो ।' उनले सबै पार्टीलाई बोलाएर चुनावी कार्यक्रम दिन नसकेको भन्दै आयोगको आलोचना गरे । उनले भने, 'सबै पार्टीलाई बोलाएर किन चुनावी कार्यक्रम दिन सक्दैन ?अदालतको निर्णय पर्खने काम आयोगको होइन । अदालतले चुनाव हुँदैन भन्यो भने रोके भइगो के विग्रन्छ । आयोगले छ महिनाभित्र निर्वाचन गर्छु भनेर जनतालाई भन्नुपर्यो ।' देउवाले नेकपाका अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओली र अर्का अध्यक्ष प्रचण्ड राजाभन्दा पनि ठूला राजा हुन थालेको बताए । उनले भने, 'ओली र प्रचण्ड अहिले नेकपाभित्र भिन्नभिन्न समूहमा छन् । कुर्सीका लागि उनीहरुबीच झगडा भइरहेको छ ।' कार्यक्रममा बोल्दै काँग्रेस नेता बालकृष्ण खाणले सरकारले एकपछि अर्को गल्ती जाँदा जनतामा चरम निराशा छाएको बताए ।

## अन्तर्राष्ट्रिय समाचार

# म्यानमारमा नयाँ कानून घोषणा: 'कू' विरुद्ध प्रदर्शन गर्नेलाई २० वर्षको कैद सजाय




म्यानमार, ३ फागुन । म्यानमारका सेनाले सैन्य 'कू' को विरोध गर्नेहरुलाई २० वर्षको कैद सजाय तोकेको छ ।

अब म्यानमारमा प्रदर्शनकारीले सैनिक बलमाथि अवरोध पुर्याउनेलाई जेल सजाय हुने भएको छ । 'कू' गर्ने नेताको गाली बेइज्जती गरे र उनीहरुविरुद्ध घृणा फैलाउने कार्यमा सहभागी हुनेहरुको सजाय थप हुने र जरिवना पनि तोकिने भएको छ । म्यानमारका विभिन्न शहरमा सेनाका बख्तरबन्द गाडी देखिएका बेला यहाँको कानूनमा परिवर्तन भएको घोषणा गरिएको हो ।

हालैका दिनमा म्यानमारमा हज्जारौं जनता सडकमा उत्रिएका छन् । प्रदर्शनकारीले आङ सान सुकीलगायत धुप्रै नेता रिहाका साथै प्रजातन्त्र पुनर्स्थापनाको माग गरिरहेका छन् ।

# मापदण्ड मिचेर कोरोना खोप लगाएपछि पेरुकी विदेशमन्त्रीको पद गुम्यो



पेरु, ३ फागुन । कोरोना भाइरस (कोभिड-१९) विरुद्धको खोप मापदण्ड मिचेर लगाएको कारण पेरुकी विदेशमन्त्री एलिजाबेथ एस्टेटे राजीनामा दिन बाध्य भएकी छिन् ।

आइतबार उनले आफूले मुलुकमा सरकारी खोप कार्यक्रम सुरु हुनुभन्दा पहिला नै कोरोना खोप लगाएको स्वीकार गरेकी थिइन् । उनले आफूले खोपको परीक्षण सकिएपछि चिनियाँ कम्पनी सिनोफर्मले विकास गरेको खोप लगाएको बताएकी थिइन् । यसअघि राष्ट्रपति फ्रेन्सिस्को सागस्तीले स्वास्थ्यमन्त्री पिलार माजेटीको राजीनामा पनि स्वीकार गरेका थिए । पूर्व राष्ट्रपति मार्टिन भिज्काराले मापदण्ड मिचेर समयभन्दा पहिला नै कोरोना खोप लिएकोमा विवाद उत्पन्न भएको थियो । यसै विषयमा विवाद उत्पन्न भएसँगै स्वास्थ्यमन्त्री माजेटीले राजीनामा दिएका थिए ।

गत नोभेम्बरमा भिज्काराले आफूलाई भ्रष्टाचारको आरोप लागेसँगै पदबाट राजीनामा दिएका थिए । भिज्काराले आफूले कोरोना खोपको परीक्षणको क्रममा स्वयंसेवकको रुपमा खोप लिएको दाबी गरेका छन् । यद्यपि स्थानीय सञ्चारमाध्यमहरुले भने उनको दाबीमा प्रश्न उठाएका थिए । विदेशमन्त्री एस्टेटेले गत वर्ष नोभेम्बरमा आफ्नो पद सम्हालेकी थिइन् । राजीनामा दिएसँगै उनले आफूले जनवरी २२ मा कोरोना खोप लिएको स्वीकार गरेकी हुन् । उनले यो आफ्नो गल्ती भएको भन्दै आफूले त्यसको दोस्रो डोज नलिएको बताएकी छिन् । पेरुले जनवरीको सुरुमा सिनोफर्मसँग कोरोनाको तीन करोड ८० लाख डोज कोरोना खोप खरिद गर्ने घोषणा गरेको थियो । एक साताअघि मात्रै सिनोफर्मको तीन लाख डोज खोप पेरुले पाएको छ । यससँगै गत मंगलबारदेखि पेरुमा कोरोना खोप कार्यक्रम सुरु भएको छ । सरकारी तथ्यांकअनुसार पेरुमा कोरोनाबाट ४४ हजार मानिसको मृत्यु भइसकेको छ ।

# अफगान सेनाको कारबाहीमा सात आइएस विद्रोही मारिए



अफगान, ३ फागुन । अफगान सरकारी सुरक्षाबलले अफगानिस्तानको पूर्वी प्रान्त नाङ्गार्हारमा जारी राखेको विशेष सुरक्षा कारबाहीका क्रममा इस्लामिक स्टेट्स् (आइएस) विद्रोही समूहका सात जना लडाकू मारिएका प्रान्तीय सरकारद्धारा सोमबार जारी विज्ञप्तिमा जनाएको छ । प्रान्तीय राजधानी जलालाबाद शहरको, बाहिरि इलाकामा रहेको घोचो क्षेत्रमा आइएस आतङ्कारी लुकेर बसेको आखाडालक्षित भएको सुरक्षा कारबाहीमा एक आत्मघाती बम आक्रमणकारीलगायत आइएसका सात लडाकू मारिएका समाचारमा जनाइएको छ । यस कारबाहीको क्रममा सुरक्षा अधिकारीहरुले चार ओटा आत्मघाती भेस्ट, तीन ओटा एके-४७ राइफल र विस्फोटक पदार्थ र हाते ग्रेनेडसमेत कब्जा लिएको जनाइएको छ । नान्गार्हार प्रान्तको यस भागमा सक्रिय रहेका आइएस लडाकू समूहले भने कारबाहीका बारेमा केही बताएका छैनन् । -सिन्ह्वा


## रेबिजबाट कसरी बच्ने ?

**कुकुर, स्याल जस्ता जनावरको टोकाइले रेबिज भएर धेरै मानिसको ज्यान जाने गरेको छ ।**

**सामान्यतयाः रेबिज भएका बिरामी हावा पानीसाग डराउने, खान असहज मान्ने गर्छन् ।**

१) घरपालुवा जनावरलाई जथाभावी बाटोमा नछोड्ने।

२) घरपालुवा जनावरलाई रेबिज विरुद्धको खोप लगाउने।

३) कुकुर, स्याल लगायत जनावरले टोकेपछि साबुनपानीले कम्तीमा १५ मिनेट धुने र प्राथमिक उपचार गरी अस्पताल जाने ।

४) रेबिज विरुद्धको खोप लगाउने ।

५) कुकुरलाई नजिस्क्याउने । उसले खाना खाइरहेको र बच्चालाई दूध चुसिरहेका बेला नचलाउने ।

६) टोकेपछि १० दिनमा कुकुर मरेमा त्यो रेबिज नै हुने गरेकाले त्यसबारे सचेत हुने र स्वास्थ्यकर्मीसंग सम्पर्क गर्ने ।

**बसबरिया गाउँपालिका, सर्लाही**



अभिनेता सुशान्तसिंह राजपूतको निधन भएको हिजो अर्थात १४ फेब्रुअरीबाट ८ महिना पुरा भएको छ। अहिले पनि उनको परिवार र फ्यान न्यायको पर्खाइमा छन् । सुशान्तकी बहिनी श्वेतासिंह कीर्तिले सामाजिक सञ्जालमा पोस्टमार्फत उनको याद गरिरहने गरेकी छन् । अहिले पनि श्वेताले सुशान्तको तस्बिर पोष्ट गर्दै एमोशनल म्यासेज लेखेकी छिन् । श्वेताले सुशान्त मुस्कुराएको तस्बिर शेयर गर्दै लेखेकी छन्, 'कहाँ गयौ बेबी ? फर्किएर आउ । अहिले ८ महिना भयो, तिमीलाई देखेको पनि छैन, तिम्रो आवाज पनि सुनेको पनि छैन । प्लिज फर्किएर आउ ।' फ्यानले समेत उनले पोष्ट गरेको सुशान्तको तस्बिरमा प्रेम बसाइरहेका छन् । सुशान्त १४ जुन २०२० मा बान्द्रास्थित फ्लाइटमा मृत भेटिएका थिए । सीबीआईले यो विषयमा जाँच गरिहेको छ । यसको अलवा एनसीबी र ईडीले पनि यो बिषयमा जाँच गरिरहेको छ । तर अहिलेसम्म यो केस सुल्झिएको छैन । सुशान्तका परिवार र फ्यान अहिले पनि न्यायको बाटो हेरिरहेका छन् ।

## प्रतिनिधि सभा विघटनविरुद्धको मुद्दामा निवेदकको बहस सकियो, मंगललवारदेखि 'एमिकस क्युरी' ले राय पेस गर्ने

काठमाण्डौ, ३ फागुन । प्रतिनिधि सभा विघटनविरुद्ध सर्वोच्च अदालतमा परेका १३ वटा रिटमाथि निवेदकका तर्फबाट बहस सकिएको छ ।



सोमवार वरिष्ठ अधिवक्ता शम्भु थापा, कृष्णप्रसाद भण्डारी, रमण श्रेष्ठ, गोविन्द बन्दी, टीकाराम भट्टराईलगायतले प्रतिनिधि सभा विघटनको विरोध र संसद् पुनर्स्थापनाको पक्षमा बहस गरेसँगै निवेदकका पक्षबाट बहस सकिएको छ ।

सोमवारको बहसमा वरिष्ठ अधिवक्ता शम्भु थापाले संसद् प्रधानमन्त्रीको नोकर नभएको बताउनुभयो । थापाले प्रधानमन्त्रीले संसद्लाई नोकर सम्भिmएको आरोप लगाउँदै प्रतिनिधि सभा विघटनको अधिकार कुनै पनि प्रधानमन्त्रीलाई नभएको दाबी गर्नुभयो । उहाँले प्रधानमन्त्री पक्षका वकिलले भनेजस्तो अहिलेको संविधानले प्रधानमन्त्रीलाई श्री ३ र श्री ५ लाई जस्तो अधिकार नदिएको बताउनुभयो । अब मङ्गलवारदेखि अदालतको सहयोगी (एमिकस क्युरी) को राय सुरु हुनेछ ।

सर्वोच्च बारका दुई जना र नेपाल बार एसोसिएशनका तीन जना सदस्य रहेको एमिकस क्युरीका सदस्यले आफ्नो राय व्यक्त गरेपछि सर्वोच्चको संवैधानिक इजलासले फैसला सुनाउनेछ ।

## कोरोना खोपको दोस्रो मात्रा ८ देखि १२ हप्तासम्ममा लगाउन विज्ञ समितिको सुझाव

काठमाडौं, ३ फागुन । कोभिड-१९ विरुद्धको खोपको दोस्रो मात्रा ८ देखि १२ हप्ताको अवधिमा लगाउन कोभिड-१९ खोप प्राविधिक सल्लाहकार समितिले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई सुझाव दिएको छ ।

सल्लाहकार समितिको बैठकले दोस्रो मात्रा ८ देखि १२ हप्ताको अवधिमा दिन प्रस्ताव गर्ने निर्णय गरेको हो । उक्त प्रस्ताव निर्णयका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पेस गरिएको स्वास्थ्य सेवा विभाग अन्तर्गत बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. झलक गौतमले बताए । यसअघि मन्त्रालयले खोपको पहिलो मात्रा लगाएको २८ दिनपछि दोस्रो मात्रा दिइने बताएको थियो । डा. गौतमको अनुसार विश्व स्वास्थ्य संगठनको खोप सम्बन्धी विज्ञहरुको समिति (सेज) को निर्णयको आधारमा उक्त प्रस्ताव गरिएको हो । सेजले पहिलो खोप लगाएको ८ देखि १२ हप्ताको अवधि दोस्रो मात्रा लगाउँदा प्रभावकारी हुने निर्णय गरेको छ ।

खोपको दोस्रो मात्रा जति ढिला लगायो उति नै शरीरमा एन्टिबडी प्रभावकारी हुने कोभिड-१९ खोप प्राविधिक सल्लाहकार समितिका संयोजक डा. श्यामराज उप्रेती बताउँछन् । 'हामीले २८ दिनपछि दोस्रो मात्रा लगाउनुपर्छ भन्दा सेजले यस्तो निर्णय गरेको थिएन, पछिल्लो परिमार्जित निर्णय अनुसार हामीले मन्त्रालयलाई यस्तो सिफारिस गरेका हौं' उनले भने । खोप विज्ञसमेत रहेका डा. उप्रेतीका अनुसार खोपको पहिलो मात्रा लगाउँदा शरीरमा देखिने प्रतिअसरहरु दोस्रो मात्रा लगाउँदा कम देखिन्छ । त्यसैगरि कोभिसिल्ड खोपले कोरोनाका कारण हुने मृत्युदर र जटिलतालाई घटाउने समेत उनले बताए ।

## करदाता सेवा कार्यालय मलंगवाको सूचना

आर्थिक ऐन, २०७७ ले २०७५ असार मसान्त सम्मको मूल्य अभिवृद्धि कर VAT विवरण पेश नगरेका करदाताहरुले आफूले बुझाउनु पर्ने कर विवरण, सो विवरण अनुसारको कर र सोमा लाग्ने ब्याजको पचास प्रतिशतले हुने रकम २०७७ साल फागुन मसान्तसम्म बुझाएमा सोमा लाग्ने जरिवाना, थप दस्तुर र बाँकी ब्याज मिन्हा हुने व्यवस्था गरिएकोले बुझाउन बाँकी रहेको कर विवरण र कर रकम समयमै बुझाई छुट तथा सुविधाको अधिकतम उपयोग गर्न हुन यो सूचना जारी गरिएको छ । विवरण पेश नगर्ने त्यस्ता करदाताहरुको विवरण सम्बन्धित नगरपालिका, गाउँपालिका, उद्योग वाणिज्य संघ र यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

थप जानकारीको लागि :

**करदाता सेवा कार्यालय मलंगवा, सर्लाही**

फोन नं ०४६-५२०४५३

## प्रमुख प्रशासकीय अधिकृतसहित तीन कर्मचारी प्रहरी नियन्त्रणमा

पर्सा, ३ फागुन । बाराको सिम्रौनगढ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतसहित तीन जना कर्मचारी किर्ते हस्ताक्षर गरी माइन्युट गरेको आरोपमा पक्राउ परेका छन् । प्रमुख प्रशासकीय अधिकृत हरिओम प्रसाद जयसवाल, योजना अधिकृत जितेन्द्र प्रसाद यादव र लेखा अधिकृत सर्वेन्द्र चौधरीलाई पक्राउ परेका हुन् । योजना अधिकृत यादव र लेखा अधिकृत चौधरीलाई प्रहरीले शुक्रबार पक्राउ गरेको हो भने प्रमुख प्रशासकीय अधिकृत जयसवाललाई प्रहरीले आइतबारदेखि नियन्त्रणमा राखेको छ । नगर प्रमुख विजय शंकर यादवसँग यसअघि नै बयान लिइसकिएको प्रहरीले जनाएको छ । उनीहरु विरुद्ध किर्ते हस्ताक्षर मुद्धामा बारा जिल्ला अदालतबाट ७ दिनको म्याद थप गरेर अनुसन्धान सुरु गरिएको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक गौतम मिश्रले जानकारी दिए । वडा सदस्य कपिलदेव प्रसाद साह लगायत ५ जना नगर सभा सदस्यले ०७७ असार ८ गते सम्पन्न नगर सभामा आफूहरुको हस्ताक्षर किर्ते गरेको आरोप लगाउँदै मुद्धा दर्ता गराएका थिए । तर फरेन्सिक ल्याबमा पाँचै जनाको हस्ताक्षर जाँच गराउँदा एक जनाको मात्रै किर्ते भएको पाइएको स्रोतले जनाएको छ । त्यसैलाई आधार मानेर प्रहरीले मुद्दा अदालतमा पेस गर्ने तयारी गरिरहेको छ । नगरप्रमुख यादवलाई सघाउन उनीहरुले किर्ते हस्ताक्षर गरेको दाबी आरोपी पक्षको छ । प्रहरी नियन्त्रणमा रहेका प्रमुख प्रशासकीय अधिकृतसँग यसबारे जानकारी लिन मोबाइलमा सम्पर्क गर्दा पत्रकारको परिचय दिने बित्तिकै फोन काटेर स्वीच अफ गरिदिएका छन् ।

## छोटकरी सामाचार

### घुस लिएको आरोपमा नासुसहित दुई जना पक्राउ

काठमाडौं, ३ फागुन । काठमाडौंको बबरमहलस्थित आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका नायव सुब्बा (नासु) नरेन्द्र चन्दसहित दुई जना घुस लिएको आरोपमा पक्राउ परेका छन् । शेयर पुँजी बढाएको प्रमाण पत्रका लागि सेवाग्राहीसँग ८ हजार रुपैयाँ घुस लिइसकेको अवस्थामा चन्दसहित लेखापढी व्यवसायी रामबाबु दाहाललाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले नियन्त्रणमा लिएको हो । दाहालले सेवाग्राहीसँग ८ हजार रुपैयाँ घुस लिएर नासु चन्दलाई दिइसकेको अवस्थामा आयोगको टोलीले विभाग परिसरबाट दुवै जनालाई आइतबार नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको आयोगका प्रवक्ता नारायण प्रसाद रिसालले जानकारी दिए ।

### ७६ वर्षीया वृद्धालाई जबरजस्ती करणी गरेको आरोपमा एकजना पक्राउ

पर्सा, ३ फागुन । बारामा ७६ वर्षीया वृद्धालाई जबरजस्ती करणी गरेको आरोपमा एकजना पक्राउ परेका छन् । कोल्हवी नगरपालिका-८ बस्ने ३९ वर्षीय दलबहादुर लामा पक्राउ परेका हुन् । दलबहादुरले वृद्धालाई मकै बारीमा लगेर आइतबार बिहान जबरजस्ती करणी गरेको अभियोग लागेको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता, प्रहरी नायब उपरीक्षक गौतम मिश्रले जानकारी दिए । दलबहादुरविरूद्ध जबरजस्ती करणी मुद्दामा जिल्ला अदालत बाराबाट पहिलो पटक ५ दिनको म्याद थपको अनुमति लिएर अनुसन्धान कार्य अघि बढाएको प्रहरीले जनाएको छ ।

### बहुविवाह मुद्धाका फरार प्रतिवादी पक्राउ

सप्तरी, ३ फागुन । बहुविवाह मुद्दामा अदालतबाट कैद र जरिवाना तोकिएपछि फरार भएका एक व्यक्ति सप्तरीबाट पक्राउ परेका छन् । पक्राउ पर्नेमा जिल्लाको सुरुङ्गा नगरपालिका-७ बस्ने २८ वर्षीय उमेश चौधरी छन् । उनलाई इलाका प्रहरी कार्यालय कडरबोनाबाट खटिएको प्रहरी टोलीले घरबाटै पक्राउ गरेको हो । चौधरीकी जेठी पत्नी २१ वर्षीया पुनिता चौधरीले बहुविवाहको जाहेरी दिएकी थिइन् । जाहेरी दर्तापछि २०७६ साल भदौ ५ गते उमेशलाई प्रहरीले पक्राउ गर्दा जिल्ला अदालतले २०७६ साल भदौ ३० गते जिल्ला अदालतको आदेशले तत्काल रु ५० हजार धरौटि बुझाएर रिहा भएका थिए । सोही मुद्दामा जिल्ला अदालतले २०७६ साल पुस ८ गते ५ हजार जरिवाना र ११ महिना १२ दिन कैद हुने आदेश दिएको थियो । यो आदेशपछि फरार भएका उमेशलाई पक्राउ गरी जिल्ला अदालतमा दाखिला गराएर कैद भुक्तानका लागि राजविराज कारागार चलान गरिएको सप्तरी प्रहरीका प्रवक्ता भुवनेश्वर साहले जानकारी दिए ।

किशन ड्राइभिङग सेन्टर

हाम्रा विशेषताहरु :-



- ट्राफिक नियमको साथमा ड्राइभिङग सिकाउने व्यवस्था
- गाडी सिकाउँदा U L I को ट्रायलका साथै विभिन्न तरिकाको जानकारी ।
- १ महिना भित्रमा ग्यारेन्टीका साथमा गाडी सिकाउने ।
- स्कुटी चलाउन सिकाउने व्यवस्था ।
- महिलालाई पनि ड्राइभिङग सिकाउने व्यवस्था ।

प्रो. राम विकास पंडित

शाखा कार्यालय : मलंगवा-१० जिविस चोक देखि उत्तरपट्टी मो. ९८४४१३८९०१, ९८१७६६८०८२

मधेश पोष्ट

प्रबन्ध निर्देशक :- निमेष कर्ण
सम्पादक :- विश्वनाथ ठाकुर
कम्प्युटर अँपरेटर :- विवेक यादव
विशेष सहयोगी : योगनारायण पण्डित,धिरेन्द्र यादव, उदय यादव, रमेश साह,नन्दलाल प्रसाद
प्रकाशक :- सर्लाही संचार केन्द्र
कार्यालय
मलंगवा :- जिविस चौक मलंगवा, सर्लाही, फोन :- ०४६-५२१३९२
९८४००८७५०, ९८०४८२४८००, ९८५४०३८०००
मुद्रण :- दुर्गा अफसेट प्रेस, मलंगवा सर्लाही
E-mail: newsthakur@gmail.com
Website : www.issuu.com/madheshpost